# संचारिका
## फिचर सेवा

वर्ष ११ अंक ९ मासिक भदौ/असोज September, 2008


- लास जलाउने पेसा — **कालिका खड्का**
- सङ्घीयतामा महिला — **संगीता रिजाल**
- सीप सिकाऊ, काम हामी गर्छौं — **दीपा आले**
- मेहनती र इमानदार : बढ्दैछन् महिला सुरक्षा गार्ड — **यामु कँडेल**
- महिलाको सिटमा पुरुष — **उषा नेपाल**
- व्यापारमा जम्न थाले महिला — **रूपा गहतराज**
- लुकीचोरी टुसाको बिक्री : खेती नै किन नगर्ने — **दुर्गा भण्डारी**




सञ्चारिका समूह/नेपाल

# लास जलाउने पेसा

**दिनहुँ लास पोल्नुपर्ने पेसामा समय बिताउने बलराम आफ्नी आमाको लास पोल्दा भने साँच्चिकै रोए। अरू बेला लास जलाउँदा खासै केही लाग्दैनथ्यो। तर, आफ्नै हातले आमालाई जलाउनुपर्दाचाहिँ मन थाम्नै सकिनँ ।**

**कालिका खड्का**

काठमाडौं/ दामसँगै नाम पनि कमाउने सोख कसलाई नहोला र ? टन्न दाम कमाएकाहरू नाम पनि कमाउन नानाथरी गर्छन् । समाजसेवा, स्वयम्सेवा, दान, धर्म अनेक गर्छन् नामका लागि । तर, कतिपय पेसा यस्ता छन् जहाँ काम गर्नेहरू आफ्नो नाम सकभर लुकाउन चाहन्छन् । सकेसम्म आफ्नो काम र नामको प्रचार नहोस् भन्नेमध्ये एकजना हुन्- ५५ वर्षीय बलराम आचार्य ।

बलरामलाई नाम कमाउने सोख छैन । त्यसैले उनी सकेसम्म कसैले आफूलाई नचिनोस् भन्ने चाहन्छन् । दुनियाँदेखि नै अलग रहेर स्वतन्त्रतापूर्वक बाँच्न चाहने इच्छा छ उनको । नामको मोह छैन उनमा । यतिसम्म कि उनका दुश्मन ती हुन् जो उनको परिचय र काम सोध्छन् । तर पनि उनले यस्ता प्रश्नहरूको सामना गरिरहनुपर्छ । तपाईंको नाम के हो ? यो पेसाबाट कति कमाउनुहुन्छ ? किन यस्तो पेसा अङ्गाल्नुभएको ?

> **बलराम भन्छन्, 'संसारको रितै यस्तै हो भन्ने लाग्छ । कतिका त छोराछोरी पनि हुन्नन्, त्यसैले तिनका सन्तानजस्तै भएर हामी दाहसंस्कार गरिदिन्छौं । सबैले धर्म हुन्छ भन्छन् ।'**

पटक-पटकको अनुरोधपछि उनको मन पग्लियो । उनी तयार भए आफ्नो नाम र कामको नालीबेली सुनाउन । मेरो नाम बलराम आचार्य हो, पेसा लास जलाउने । म ५५ वर्षको भएँ । विगत ४० वर्षदेखि यो काम गर्दै आएको छु । कमाइ महिनामा यति नै हुन्छ भन्ने निश्चित छैन । एउटा लास जलाएबापत ६ सय रुपैयाँ आउँछ । त्यसमा दस प्रतिशत अर्थात् ६० रुपैयाँ घाट व्यवस्थापन समितिलाई बुझाउनुपर्छ । घाटमा हामी ३० जना छौं । पालैपालो गरेर लास पोल्नुपर्छ । जति बढी लास आए त्यति नै बढी कमाइ हुन्छ ।

उनले आर्यघाटको कथा सुनाए । त्यहाँ नौवटा घाट छन् । तीमध्ये एउटामा राजपरिवारको मात्रै लास जलाउने गरिन्छ । भर्खरैदेखि राजपरिवारको मात्र लास जलाउने भनिएका ठाउँमा अरूको पनि लास जलाउन थालिएको छ । त्यसैले अब आर्यघाटमा एकपटकमा नौवटा लास जलाउन सकिन्छ ।

उनको जीवनमा केही स्मरणीय घटना पनि छन् । दिनहुँ लास पोल्नुपर्ने पेसामा समय बिताउने बलराम आफ्नी आमाको लास पोल्दा भने साँच्चिकै रोए । अरू बेला लास जलाउँदा खासै केही लाग्दैनथ्यो । तर, आफ्नै हातले आमालाई जलाउनुपर्दाचाहिँ मन थाम्नै सकिनँ । सानोमा म अति जिद्दी थिएँ अरे । जान्ने भईकन आफू रोएको मलाई थाहा छैन । तर, आमाको शरीरमा आगो लगाउँदा मैले आफूलाई सम्हाल्न सकिनँ । लाग्यो, अब संसारमा मेरो कोही छैन । यो कथा सुनाउँदा उनी अर्को लास जलाउन दाउरा तयार गर्दै थिए ।

उनी कसरी आइपुगे यहाँ ? कथा रमाइलो छ । गाउँको एउटा साथी रामेले नेपाल (काठमाडौं) जाऊँ भन्यो । राम्रो लाउन र मीठो खान पाइने आशाले लहलहैमा म काठमाडौं आएँ । काठमाडौं आएपछि काम छैन, माम छैन, भोकभोकै बस्नुपर्‍यो । रामे र म दुवैलाई काठमाडौंको बारेमा केही थाहा थिएन । खोज्दै जाँदा बानेश्वरको एउटा भात खाने होटेलमा भाँडा माझ्ने काम भेटियो । ६ महिनाजति काम गर्दा पनि साहुले नयाँ कपडासम्म पनि किनिदिएन । घरबाट जे लगाएर आएका थियौं, त्यही कपडाले काम चलाउनुपर्ने । जसोतसो खान पाइए पनि लुगा फाटेर लाज छोप्न पनि हम्मेहम्मे पर्न थाल्यो । तर, पनि पैसा नपाइने ।

काम गर्दागर्दै एक दिन रामे बिरामी पर्‍यो । साहुले औषधिसमेत किनिदिएन । ज्वरो हनहन्ती आएको थियो । एक साता जतिपछि रामे मर्‍यो । त्यसपछि मलाई त्यो होटलमा बस्नै मन लागेन, म त्यहाँबाट निस्किएँ ।

खै कसरी हो पशुपति पुगिएछ- विगत कोट्याउँदै उनले बेलिविस्तार लगाए । देख्दै जाँदा थाहा भयो- त्यहाँ मरेका मान्छे जलाउँदारहेछन् । त्यसअघि मैले लास जलाएको देखेको थिइनँ । यसो भन्दा उनी लास जलाउन सोइला (दाउरा) मा घ्यू हाल्दै थिए ।

उनले आफ्नो कथा सुनाउँदै गए- एक दिन बिहान लास जलाउन लागेको मान्छेको नजिकै गएँ र भने, 'म पनि दाउरा ओसार्ने काम गर्छु, हुन्छ ? उसले घाट व्यवस्थापन समितिमा गएर कुरा गर भन्यो । मैले कुरा गरेँ अनि काम गर्न थालेँ । त्यसबेला मलाई दिनको ६० रुपैयाँ दिन्थे । त्यो राम्रो पैसा थियो । मैले दुई वर्षजति नजिकैको भण्डारबाट घाटसम्म दाउरा ल्याउने काम गरेँ ।

अहिले त चार दशक भयो लास पोल्न थालेको । सुरुमा मलाई एउटा लास जलाएबापत एक सय २५ रुपैयाँ दिन्थे । बिस्तारै पैसा बढ्दै गयो । अहिले ६ सय रुपैयाँ पुगेको छ । काम गर्दागर्दा होला मलाई यो पेसा मन पर्न थालेको छ । हुन पनि कसैको जीवन समाप्त भएपछि बलरामको काम सुरु हुन्छ । कोही मरेपछि आफ्नो कामको थालनी हुँदा उनलाई कस्तो महसुस हुँदो हो ? बलरामलाई सुरुमा नराम्रो लाग्थ्यो । तर, अहिले खासै वास्ता लाग्दैन । आँसुसँग काम गर्दा पहिलेपहिले जति नराम्रो लाग्थ्यो अहिले सामान्य लाग्छ । बलराम भन्छन्, 'संसारको रितै यस्तै हो भन्ने लाग्छ । कतिका त छोराछोरी पनि हुन्नन्, त्यसैले तिनका

सन्तानजस्तै भएर हामी दाहसंस्कार गरिदिन्छौँ । सबैले धर्म हुन्छ भन्छन् ।'

यही काम गर्दागर्दै बिहे गरेँ । श्रीमती, दुई छोरी र एक छोरा छन् । तर, अब मलाई समस्या पर्न थाल्यो । मेरी ठूली छोरी कलेज पढ्छे । कान्छो छोरा, कान्छी छोरी स्कुल पढ्छन् । उनीहरूले भन्न थाले- बुबा हजुरको काम कसैलाई नभन्नु है, हामीलाई साथीहरूले जिस्क्याउँछन् । भन्छन्, मलाई कताकता दुःख लाग्छ । छोराछोरीको भनाइ सुनेपछि मैले कसैलाई तस्बिर खिच्न दिन्न भन्ने सोचेको छु । के गर्नु, सन्तानको आग्रह पनि सुन्नैपर्‍यो ।

श्रीमतीलाई पनि मैले गरेको काम मन पर्दैन । त्यसो त बिहे गर्नु अगाडिदेखि नै म लास जलाउने काम गर्थें । बिहे गरेकै दिन पनि मेरो लास जलाउने पालो थियो । अरू भए बिहेपछि हनिमुन मनाउन जान्थे होलान् । म त्यस दिन पनि लास जलाउन नगई भएन । भर्खरै भित्र्याएकी श्रीमतीलाई एकछिन बस्दै गर है भनेर म लास जलाउन गएँ । त्यस दिन एउटा मात्रै लास जलाए पुग्ने भयो र बेलैमा घर फर्किएँ ।

नाम, काम र ठेगाना गोप्य राख्न रुचाउने यी बलराम आचार्य यस्तो काम गर्ने एक्ला होइनन् । शव जलाएर जीविकोपार्जन गर्ने ३० मध्ये एक हुन् उनी । आर्यघाटमा शव जलाउने पेसाका धेरैले आफ्नो नाम, घर र पेसा बताउन चाहँदैनन् । के शव जलाउने काम नराम्रो हो ? मानिसको अन्तिम कर्म दाहसंस्कार हो । समाजशास्त्री केपी गौतम भन्छन्, 'मृत्यु संस्कारका क्रममा काम गर्नेहरू अहिले पनि समाजमा आवश्यक भए पनि त्यति सम्मानित मानिँदैनन् ।' बलरामको कथा सुनेपछि पनि नसुल्झने प्रश्न यही हो कि अहिले पनि जीवनको अन्तिम कर्म गर्ने बलरामजस्ताले नाम र पेसा नै लुकाइरहनुपर्ने बाध्यता छ ।

■■■

*सञ्चारिका फिचर सेवा / सञ्चारिका समूह*

# सङ्घीयतामा महिला

**सङ्घीय प्रणालीमा महिलाको स्थान कस्तो हुन्छ त्यो मुख्य कुरा हो । मधेस राज्य-व्यवस्थामा महिला घुम्टोभित्रै बस्नुपर्ने वा सुदूरपश्चिम राज्यमा छाउपडी प्रथा रहिरहने हो भने महिलाका लागि त्यस्तो सङ्घीय प्रणालीको के काम ?**

✍ **संगीता रिजाल**

काठमाडौं/ सङ्घीयताले विविधतालाई पहिचान गर्छ । यसले एकता कायम गर्छ । त्यसैकारण वर्षौंदेखि थोपरिएको एक भाषा, एक संस्कृति र एक धर्मको राष्ट्रियताको खोलबाट बाहिर निस्किएर राज्यका विविध भाषा, संस्कृति र जातजातिको पहिचान सङ्घीयताले गर्छ । विशेषगरी सङ्घीयतामा बहिस्करणमा परेका भाषाभाषी, लिङ्ग र वर्गको पहिचानले सबै जनताले विविधताभित्र एकता महसुस गर्छन् । राष्ट्रियताको खम्बा मानिएका राजनीतिक, आर्थिक, सांस्कृतिक र सामाजिक रूपान्तरणको विकल्प सङ्घीयताभन्दा अर्को नभएको कारण देशले यो प्रणाली अवलम्बन गर्दै छ । करिब दुई सय ४० वर्ष लामो केन्द्रीकृत र एकात्मक राज्य संरचना अन्ततः विधिवत् रूपमा अन्त्य भएको छ र मुलुक सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरेको छ । यद्यपि, सङ्घीयताको संरचना कस्तो हुने भन्नेबारे भने अझै स्पष्ट खाका तयार भइसकेको छैन ।

**शक्ति पृथकीकरण अहिले पनि छ । भोलि त झन् राज्य र क्षेत्र दुवैको हुन्छ । तर, त्यो सङ्घीयतामा महिलालाई कसरी स्वामित्व दिने भन्ने कुरा प्रमुख हुन सक्छ ।**

सङ्घीयताले एकात्मक र केन्द्रीकृत राज्य-प्रणालीबाट सङ्घीय र विकेन्द्रित शक्तिको निक्षेपीकरण गर्छ । हुनत विगत केही वर्षयता विकेन्द्रीकरणको प्रसङ्ग प्रशस्त चले । यसका लागि केही पहलसमेत भए । निक्षेपीकरण र विकेन्द्रीकरण भनेको एउटै होइन । 'विकेन्द्रीकरणमा शक्ति केही रूपमा बाँडफाँड भए पनि त्यसले विविधताको आवश्यकतालाई सम्बोधन गर्दैन । तर, निक्षेपीकरणमा सबै भाषाभाषी, क्षेत्र र लिङ्ग केन्द्रबिन्दु बन्न पुग्छन्' सभासद् तथा अधिवक्ता सपना मल्ल प्रधानको भनाइमा ।

त्यसैकारण सङ्घात्मक राज्य-प्रणालीमा प्रक्रियागत रूपमा नै महिलालाई फाइदा हुन्छ । तर, यसका लागि महिला सजक हुन जरुरी छ । महिलामाझ एकता र सहकार्य भएन भने त्यो लाभ उनीहरूले नपाउन पनि सक्छन् । विशेष गरेर विविधताको पहिचान गर्ने सन्दर्भमा लिङ्गको मात्र पहिचान भएर नपुग्ने ठहर अधिवक्ता मल्लको छ । 'महिलाभित्र पनि धनी र गरिब महिलालाई छुट्याएर हेर्न जरुरी हुन्छ । भौगोलिक रूपमा पछाडि पारिएका र जातीय रूपमा बहिस्करणमा परेका महिलाको प्रतिनिधित्व सुनिश्चित हुनुपर्छ,' प्रधानको भनाइ छ । सङ्घीयतामा पनि सामन्तवाद हाबी भएका प्रशस्त उदाहरण रहेको प्रधानको भनाइ छ ।

राजनीतिक दलहरू जनताका प्रतिनिधि हुन् । तर, जनता भनेकै राजनीतिक दल हुन् भन्ने अर्थ लगाउन मिल्दैन । तर, अहिले दलहरू नै सबै मामिलामा जनताका प्रतिनिधि हुन् भन्ने भावना छ, सङ्क्रमणकालीन राजनीतिक अवस्थामा त्यो स्वाभाविक पनि हुनसक्ला । तर, राजनीतिक दल जवाफदेही नभएसम्म जनतामा शक्ति निक्षेपीकरण कसरी हुन्छ भन्ने मुख्य मामिला हो । शक्ति पृथकीकरण

अहिले पनि छ। भोलि त झन् राज्य र क्षेत्र दुवैको हुन्छ। तर, त्यो सङ्घीयतामा महिलालाई कसरी स्वामित्व दिने भन्ने कुरा प्रमुख हुन सक्छ।

शक्ति बाँडफाँडका लागि मात्र सङ्घीय प्रणाली अवलम्बन भयो भने त्यो सङ्घीयता अपुरो हुन्छ। शक्ति बाँडफाँडलाई सामाजिक आवश्यकतासँग जोडेर हेर्नुपर्ने महिला अधिकारकर्मी तथा सभासद् आरजु देउवा राणा बताउँछिन्। सङ्घीयतालाई पनि पितृसत्तासँग जोडेर विश्लेषण गर्नुपर्नेमा उनको जोड छ। डा. देउवाका भनाइमा सङ्घीयतालाई कसरी महिलामैत्री बनाउने भन्नेमा सबैको जोड हुनुपर्छ। किनकि सङ्घीयतामा जानेबित्तिकै हाम्रो समाजमा विद्यमान दमनकारी विभेदपूर्ण संस्कार परिवर्तन भइहाल्दैन। पितृसत्तात्मक मानसिकतामा भोलि नै परिवर्तन हुँदैन। महिला चनाखो नभए कतिपय अवस्थामा शक्तिको बाँडफाँडमा महिलाको अवस्था झन् खस्कन पनि सक्छ। सङ्घीयतामा जानेबित्तिकै महिलाको सहभागिता सुनिश्चित हुन्छ भन्ने सोचिहाल्न नहुने उनको भनाइ छ। सङ्घीयताको विकल्प नरहेको अहिलेको अवस्थामा महिलाको अर्थपूर्ण सहभागिता सुनिश्चितताका लागि कुन राज्य-प्रणालीमा कस्तो व्यवस्था हुनुपर्छ भन्नेतर्फ ध्यान दिनुपर्ने देउवा बताउँछिन्।

उदाहरणका लागि मधेस एक राज्य भयो र मधेस राज्य-व्यवस्थाले त्यहाँका महिलालाई घुम्टोभित्रै बस्नुपर्ने संस्कार कायम राख्यो भने त्यसले महिलाको जीवनमा तात्विक फरक ल्याउँदैन। त्यसैगरी सुदूरपश्चिम अर्को राज्य भयो र त्यहाँको राज्य-प्रणालीले छाउपडीलाई संस्कृतिको नाममा प्रश्रय दियो भने त्यसले महिलाको अवस्थामा फरक ल्याउँदैन। त्यसैले, संविधान निर्माणको क्रममा महिला आफ्नो अस्तित्व र पहिचानको बारेमा प्रस्ट हुनुपर्ने तर्क देउवाको छ। त्यसैले कस्तो प्रणाली बनायो भने महिलाले ठाउँ पाउँछन् भन्ने कुरा पहिले नै तय हुनुपर्छ।

जति पनि सङ्घीयतासम्बन्धी बहस हुन्छन् अधिकांश पुरुष-पुरुषबीच मात्रै हुने गर्छ। महिलासँग पनि सङ्घीयताको सवालमा छलफल हुनुपर्छ। संविधान निर्माण प्रक्रियालाई चुस्त रूपमा महिलाको पक्षमा पार्न संविधानसभामा रहेका महिलाको पहल हुनुपर्छ। अबको सङ्घीय राज्य प्रणालीमा महिलाको भूमिका के हुने भन्नेमा स्पष्ट परिभाषा हुनुपर्छ। कुनै राज्यमा कुनै जातिविशेषको बाहुल्य भएको खण्डमा त्यसभित्रका अल्पसङ्ख्यकको अवस्था के हुने भन्नेबारे संविधानमै प्रस्ट हुनुपर्छ भन्ने देउवाको ठहर छ।

भूगोलविद् डा. पीताम्बर शर्माले 'नेपाली क्यानभासका रङ्गहरू : जातीयताको भौगोलिक पक्ष' पुस्तकमा लेखेका छन्, 'संसारका झन्डै दुई सय देशमध्ये लगभग दुईतिहाई देशमा कम्तीमा पनि एउटा महत्वपूर्ण जातीय वा धार्मिक अल्पसङ्ख्यक समुदाय पाइन्छ, त्यो जनसङ्ख्या त्यस देशको कुल जनसङ्ख्याको कम्तीमा १० प्रतिशत रहेको छ। नेपालको अवस्था अतुलनीय छ, किनभने नेपाल मूलतः अल्पसङ्ख्यकहरूको देश हो।'

अधिवक्ता प्रधान 'राज्य सङ्घीयतामा जाँदा अल्पसङ्ख्यकको संयुक्त अधिकार के हुन्छ र व्यक्तिगत अधिकार कसरी निश्चित गर्ने भन्ने कुरामा छलफल गरी दिशा-निर्देश गर्न आवश्यक रहेको' बताउँछिन्। उदाहरणका लागि मधेसमा मधेसी मात्र नभएर थारू र पहाडे मूलका पनि छन्। यस्तो अवस्थामा मधेस राज्य हुँदा त्यसभित्रका अन्य अल्पसङ्ख्यकको अवस्था के हुने र त्यसमा पनि महिलाको अवस्था के हुने भन्ने विषयमा छलफल गरी प्रस्ट धारणा हुनुपर्छ।

■■■

*सञ्चारिका फिचर सेवा/सञ्चारिका समूह*

# सीप सिकाऊ, काम हामी गर्छौं

**'हातमा सीप भए र केही काम गर्न पाए म धरौटी तिरेर बाहिर निस्कन्थें, छोराछोरीका लागि केही गर्थें। नत्र २० हजार रुपैयाँ तिर्न नसकेर जेलमै सड्ने भएँ।'**

**दीपा आले**

**बाँके**/ फूलमाया नेपाली (३४), चार वर्षदेखि नेपालगन्ज कारागारमा बन्दीजीवन बिताउँदैछिन्। उनका लोग्ने पनि काराबासमै छन्।। नाबालक दुई छोरा र एक छोरी सहाराविहीन भएर पनि घरमै बस्न विवश छन्। जीउ मास्ने बेच्ने मुद्दामा सजाय भोगिरहेको फूलमायादम्पती चाहेर पनि आफ्ना बालबच्चाको स्याहार गर्न सक्दैन। तर, उनीहरूको इच्छा छ- कारागारमै जीवन बिताउनुपरे पनि छोराछोरीको लालनपालन र पठनपाठनका लागि केही गर्न सकियोस्। यसका लागि केही सीपमूलक काम गरेर दुई-चार पैसा कमाएर बालबालिका पाल्ने उपाय खोज्न चाहन्छन् उनीहरू। तर, त्यस्तो अवसर छैन। फूलमाया भन्छिन्, 'आफू जेलमै बसे पनि छोराछोरीका लागि केही गर्न सके हुन्थ्यो।' लामो समयदेखि क्षयरोगले ग्रसित फूलमाया नियमित औषधि खाइरहेकी छिन्।

रुकुम लिउसेदीकी ४८ वर्षीया खल्ला विक १० वर्षदेखि यही जेलमा छिन्। उनी ज्यानमुद्दाको सजाय खेप्दै छिन्। उनकै भनाइमा, मानसिक सन्तुलन खल्बलिएर आफ्नै लोग्ने मनसिंह विकको हत्या गरेकी हुन् उनले। उनका तीन छोरा र एक छोरी छन्। पूरै निरक्षर रहेकी विकले कारागारमा बस्दा आफ्नो नामसम्म लेख्न सिकेकी छिन्। उनी पनि सीप

सिकेर दुई-चार पैसा आम्दानी हुने काम गर्ने पाए हुन्थ्यो भन्नेमा छिन् । 'दिन काट्नै गाह्रो हुन्छ, काम गरूँ केही छैन, सीप पनि कसैले सिकाउँदैन,' उनी भन्छिन्, 'हातमा केही सीप भए भोलि बाहिर निस्केपछि पनि सजिलो हुन्थ्यो, यहीँ पनि दुई-चार पैसा कमाउन सकिन्थ्यो ।' कारागारको सजाय सकेर बाहिर निस्केपछि आफूलाई घरपरिवार र समाजले अपराधीको नजरले हेर्नेछन् भन्ने उनलाई थाहा छ । त्यसैले उनले आफ्नै घरमा पनि ठाउँ नपाउन सक्छिन् । 'अहिले केही सीप सिकेँ भने त्यसैले भोलिको जीवन चल्थ्यो उनी भन्छिन् ।'

बाँके बैजापुरकी ३५ वर्षीया रीता परियार तिनैमध्येकी एक हुन् । उनका चार छोरी र एक छोरा छन् । लोग्नेको हत्या गरेको अभियोगमा उनी तीन महिनादेखि बन्दपर्खालभित्र सजाय काट्दै छिन् । आफू र छोराछोरीलाई कुटेर हैरान पार्ने लोग्नेको प्रतिकार गर्दा उनको हातबाट लोग्ने मारिएका थिए । लामो समयदेखि पेटको रोगले ग्रस्त रीताले डेढवर्षे छोरी आफैंसँग राखेकी छिन्, तीन छोरी र एक छोरा दाङमा रहेकी ७५ वर्षीया वृद्ध आमाको जिम्मामा छन् । उनीहरू कसरी बसेका छन्, केही थाहा छैन । 'लोग्नेलाई मारिहालेँ, आफू जेलमा छु, ती टुहुराको हालत के होला ?,' गहभरि आँसु पार्दै उनी भन्छिन्, 'हातमा केही सीप र काम भइदिए दुई-चार पैसा कमाएर उनीहरूको लालनपालन गर्न सकिन्थ्यो भन्ने लाग्छ ।'

लागूपदार्थ ओसारपसार गरेको अभियोगमा एक वर्षदेखि जेल बसिरहेकी छिन्- २८ वर्षीया सीता साह । कारागारभित्र साथमै छन्, उनका दुई नाबालक छोरा । लोग्नेले छाडेपछि बिचल्लीमा परेकी उनी दाउरा बेचेर गुजारा गर्थिन्, त्यही बेला एकजना मानिसले उनलाई फकाइफुल्याई रु. १०० दिएर चरेसको प्याकेट बोकाइदियो । त्यहीबेला उनी पक्राउ परिन्, अदालतले २० हजार धरौटी माग्यो, तर तिर्न नसकेर जेल बस्न बाध्य छिन् । 'हातमा सीप र केही काम मिले धरौटी तिरेर बाहिर निस्कन्थें, छोराछोरीका लागि केही गर्थें,' उनी भन्छिन् '२० हजार तिर्न नसकेर म त जेलमै सड्ने भएँ ।'

**लोग्नेले छाडेपछि बिचल्लीमा परेकी उनी दाउरा बेचेर गुजारा गर्थिन्, त्यही बेला एकजना मानिसले उनलाई फकाइफुल्याई रु. १०० दिएर चरेसको प्याकेट बोकाइदियो । त्यहीबेला उनी पक्राउ परिन्, अदालतले २० हजार धरौटी माग्यो, तर तिर्न नसकेर जेल बस्न बाध्य छिन् ।**

बर्दिया मोतीपुरकी इन्द्रा डाँगी (४२), सात वर्षदेखि नेपालगन्ज कारागारमा जीउ मास्ने बेच्ने मुद्दाको सजाय काट्दै छिन् । बन्दपर्खालभित्रको लामो बन्दीजीवन अत्यासलाग्दो हुन्छ । केही कामै नगरीकन दिन काट्नु झनै कष्टकर हुन्छ । यस्तो अवस्थामा उनी कारागारभित्र हीनताबोध बोकेर बसेकी छिन् । केही सीप सिकेर उत्पादनशील काममा लाग्न पाए त्यसले बन्दी मात्रै होइन, सबैका लागि फाइदा हुने उनको बुझाइ छ । 'हाम्रो यत्रो जीवन त्यसै खेर गइरहेको छ,' उनी भन्छिन्, 'राज्यले हामीलाई केही सिकाएर फाइदा लिन सकोस्, त्यसले हाम्रो जीवनयापन पनि सजिलो हुन्थ्यो ।' 'कारागारमा धेरै आएर आशै मात्र देखाई फर्किए,' उनी भन्छिन् ।

कारागारको भौतिक अवस्था पनि दयनीय छ । शौचालय कैदी/बन्दीको क्षमताअनुसार छैन, त्यसकै पनि सेफ्टीट्याङ्की फुटेर दुर्गन्धले बसिनसक्नु हुन्छ । बन्दीलाई अपराधीकै नजरले मात्रै हेरिने भएकाले पनि उनीहरूले भोगिरहेका समस्यामा कारागार प्रशासनले चासो नदिने गरेको गुनासो छ उनको । 'हामीलाई राम्रो व्यवहार गरिँदैन,' इन्द्रा भन्छिन् ।

घरेलु हिंसाको मुद्दामा काराबासको सजाय भोगिरहेकी नेपालगन्ज-८ की ५० वर्षीया रुक्साना इद्रिसी तथा जीउ मास्ने बेच्ने मुद्दाकी अभियुक्त रुकुमकी ३७ वर्षीया यदु गिरी पनि केही काम पाए हुन्थ्यो भन्ने याचना गर्छन् । तीन वर्षदेखि कारागारमा रहेकी गिरीका तीन छोरी र दुई छोरा छन्, तर उनीहरू कसरी बाँचेका छन् थाहा छैन । छोराछोरीसँग टाढा हुनुको पीडा त छँदै छ, उनीहरूको लालनपालनको चिन्ताले झनै सताउने गर्दछ- उनी भन्छिन् ।

नेपालगन्ज कारागारमा बाजुरा, रुकुम, बर्दिया, धादिङ, मकवानपुर, दाङ, सुर्खेत, दैलेख, जाजरकोटलगायतका कैदी र बन्दी छन् । दुई सय ५० जना बन्दी/कैदीमध्ये १९ जना महिला छन् । पुरुषको तुलनामा महिला बढी समस्याग्रस्त छन्, किनभने कोही बालबच्चा च्यापेरै कारागार आएका छन् । कानुनको नजरमा उनीहरू दोषी होलान्, उनीहरूले अपराध पनि गरेकै होलान् । त्यसको सजाय उनीहरूले कारागारमै काटिरहेका छन् । तर, त्योसँगसँगै जीविकोपार्जन र बालबच्चाको लालनपालनसँगै कारागारबाट निस्किसकेपछि गुजाराको उपायका लागि सीप सिकेर केही गर्ने उनीहरूको धोको नाजायज होइन । किनभने जेल सजाय काट्ने थलोमात्रै होइन, सुधारगृह पनि हो । कारागार प्रमुख खडकबहादुर गोसाई कारागार प्रशासनले सकेसम्म बन्दीहरूलाई सुविधा दिने गरेको बताउँदै भन्छन्, 'हाम्रो क्षमताले जतिसम्म सक्छ, त्यति सुविधा दिएकै छौं ।' तर, बन्दीहरू यसलाई स्विकार्दैनन् । उनीहरू भन्छन्, 'हामीले बारम्बार केही सीप सिकाऊ, काम देऊ भन्दा कसैले सुन्दैन ।'

■■■

*सञ्चारिका फिचर सेवा / सञ्चारिका समूह*

# मेहनती र इमानदार : बढ्दै छन् महिला सुरक्षागार्ड

**राजधानी वरपर मात्रै होइन, सुर्खेतमा पनि बढ्दै छन् महिला सुरक्षागार्ड । मेहनती र तोकिएको जिम्मेवारी इमानदारीपूर्वक पूरा गर्ने भएकाले यो पेसामा उनीहरूको माग बढ्दो छ ।**

**यामु कँडेल**

सुर्खेत/ बिहानको ६ नबज्दै पोसाक लगाएर दिलसरी तारुङ हतारहतार काममा दौडन्छिन् । झट्ट हेर्दा महिला प्रहरीजस्तै देखिए पनि उनी प्रहरी होइनन् । सुर्खेतको वीरेन्द्रनगर नगरपालिका- चनौटेकी दिलसरी देउती नर्सिङहोमकी सुरक्षागार्ड हुन् । उनी बिहान सात बजेदेखि बेलुका सात बजेसम्म नर्सिङहोममा पहरा दिन्छिन् । तालिमप्राप्त सुरक्षागार्ड दिलसरीको नियमित ड्युटी हो- अस्पतालमा होहल्ला रोक्ने, बिरामीको घुइँचो व्यवस्थित गर्ने र सिङ्गो अस्पतालको हेरचाह गर्ने । १२ घन्टा उभिएरै ड्युटी गर्नुपर्ने भए पनि उनी आफ्नो कामबाट सन्तुष्ट छिन् । भन्छिन्, 'काम चुनौतीपूर्ण छ, तर जिम्मेवारी पूरा गर्दा खुसी लाग्छ ।'

चुनौतीपूर्ण काम भएकाले बाधा-अवरोध पनि आइलाग्छन् । 'महिला गार्ड' भनेर कसैकसैले दुर्व्यवहार गर्न खोज्दा झैँझगडासमेत झेल्नुपर्छ । तर, विगतका दुःखदायी दिन सम्झेर उनी आफ्नो काममा गर्व महसुस गर्छिन् । दुई महिनाअघि घर बनाउने मिस्त्रीको काम गर्दा सिमेन्ट र इँटाले खाएको हातको घाउ देखाउँदै दिलसरी भन्छिन्, 'अहिलेको काम चुनौतीपूर्ण भए पनि केही सजिलोचाहिँ छ ।' गार्ड तालिम लिनुअघि उनी लेबर-मिस्त्रीको काम गर्थिन् । त्यसबाट कमाइ ठीकै हुने भए पनि सधैं काम नपाइने चिन्ता रहन्थ्यो । त्यसैले रोजिन्- गार्डको जागिर । सधैंजसो रक्सी सेवन गर्ने लोग्नेले काममा नसघाउने भएपछि दुई बालबच्चा र लोग्नेलाईसमेत पाल्नुपर्ने जिम्मेवारी थियो उनलाई । ६ हजार छिमेकीसँग सापट लिएर उनले तालिम लिएकी हुन् । त्यसपछि उनले नर्सिङहोममा जागिर पाइन् । भन्छिन्, 'पहिले काम र समयको ठेगान हुँदैनथ्यो, अब आफ्नो ड्युटी सकिएपछि सिधै घर जान पाइन्छ ।'

**सुरक्षागार्ड भएपछि समाजले सम्मानपूर्ण नजरले हेर्न थालेको छ । 'महिला भए पनि लोग्ने र छोराछोरीका लागि गार्ड भएकी छे,' भन्दै सबैले टोलछिमेकमा उनकै उदाहरण दिन्छन् ।**

सुरक्षागार्ड भएपछि समाजले सम्मानपूर्ण नजरले हेर्न थालेको छ । 'महिला भए पनि लोग्ने र छोराछोरीका लागि गार्ड भएकी छे,' भन्दै सबैले टोलछिमेकमा उनकै उदाहरण दिन्छन् । देउती नर्सिङहोमका प्रबन्ध-निर्देशक खगेन्द्र थापाको भनाइले पनि यही पुष्टि गर्छ । उनी भन्छन्, 'महिला आज्ञाकारी र इमानदार हुने भएकोले हामीले उनीहरूलाई नै रोजेका हौं ।'

दिलसरीजस्तै सरस्वती गुरुङ (१८) ले आत्मनिर्भर बन्न सुरक्षागार्डको पेसा अङ्गालिन् । सुर्खेतको छिन्चु मैदानीचौरकी सरस्वती घरपरिवारलाई पशुपालन र खेतीपातीमा सघाउँथिन् । तर, आफैंले गरेको कामले आफ्नो पहिचान बन्न नसकेको ठान्थिन् । 'खेत रोपाइँ र गोडमेल गर्ने, बङ्गुरलाई चारो दिने कामले मेरो आफ्नै पहिचान बनेको थिएन,' उनी भन्छिन्, 'अहिले कामबाटै सबैले मलाई चिन्छन् ।' बिदामा घर जाँदा छिमेकीहरू 'ल, प्रहरी आयो' भन्ने गर्छन् । महिला भएर पनि सुरक्षा दिने काममा खटेको भनेर सबैले प्रशंसासमेत गर्छन् । अहिले उनमा आत्मविश्वास बढ्नुका साथै उत्साह पनि थपिएको छ । 'पहिले बाँच्नका लागि काम गर्ने हो जस्तो लाग्थ्यो,' उनी भन्छिन्, 'ड्युटीमा खटेपछि त आफ्नो पहिचान बनाउन काम गर्नुपर्दोरहेछ भन्ने लाग्छ ।' थाहै नपाएर सुरक्षागार्डको तालिम लिन पुगेकी सरस्वतीले सरसापट गरेर तालिमखर्च जोहो गरेकी थिइन्, बुझ्दै गएपछि यसमै 'करिअर' बनाउने निधो गरिन् ।

तालिम सकिएको केही दिनपछि उनले वीरेन्द्रनगरको सेन्टमेरिज स्कुलमा जागिर पाइन् । एक महिनासम्म त्यहाँ काम गरेपछि अहिले उनी वीरेन्द्रनगरकै इगरब्रिज माविमा सुरक्षागार्डको रूपमा काम गर्छिन् । उनको खानेबस्ने व्यवस्था पनि विद्यालयले नै गरिदिएको छ, मासिक तलब खर्च नगरी घर पठाउँछिन् । यसले घरपरिवार खुसी छन्, काममा इमानदार भएकाले विद्यालयमा पनि उनले सबैको मन जितेकी छिन् ।

पहिलोपटक गार्डको पोसाक लगाउँदा उनलाई अप्ठ्यारो लागेको थियो रे । सुरुमा त काम पनि गाह्रो नलागेको होइन । विद्यालयका शिक्षकले पनि उनलाई काममा प्रोत्साहन गरे । 'बैंकमा मात्रै सुरक्षागार्ड हुन्छन्' भन्ने बुझेकी सरस्वतीले विद्यालयमा पनि काम गर्न सकिन्छ भन्ने त जागिर खाएपछि मात्रै बुझेकी हुन् । इगरब्रिज माविका प्रधानाध्यापक हेमप्रकाश भुसाल सुरुमा सेक्युरिटी संस्थाको आग्रहमा मात्रै राखिएको भए पनि महिलाले चुनौतीपूर्ण जिम्मेवारी सजिलै निभाएको देखेर स्थायी रूपमै महिला सुरक्षागार्ड राख्ने निर्णय गरिएको बताउँछन् । भन्छन्, 'उनको कामबाट हामी यो निर्णयमा पुग्यौं ।'

दैलेख लाकुरीकी चित्रकला गिरी (१८), महिलाले परापूर्वकालदेखि गर्दै आएको घरधन्दाबाट माथि उठ्न यो पेसामा छिरेको बताउँछिन् । ०६४ को प्रवेशिका परीक्षाको नतिजा पर्खेर फुर्सदमा बसेका बेला उनी दैलेखबाट सुर्खेतको वीरेन्द्रनगर आइन्, डेरा लिएर बसिन् । फुर्सदमा बसेकी चित्रकलाले पत्रिका पढ्दा सुरक्षागार्डको तालिम खुलेको

जानकारी पाइन्। साथीभाइसँग सरसापट गरी तालिमखर्च जोहो गरिन्। तालिम सकिएको केही दिनमै उनलाई तालिम दिने केन्द्रले खबर पठायो, 'महिला सुरक्षागार्डको काम आएको छ, तुरुन्त सम्पर्कमा आउनू।' उनले वीरेन्द्रनगर बजारमै रहेको शीतल डेरी उद्योगमा गार्डको काम पाइन्। आफूले काम गर्न सुरु गरेपछि मात्रै उनले घरमा यसबारे थाहा दिएकी थिइन्। 'काम नगरी खाली बस्नुभन्दा केही गरेर आत्मनिर्भर बन्ने चाहनाले गार्ड बनायो,' उनी भन्छिन्।

महिला भएकै कारण सुरुसुरुमा काम गर्दा केही बाधा र कठिनाइ आउँथे। हेपाहा व्यवहार पनि सहनुपर्थ्यो। महिला गार्डलाई नटेर्ने भएकाले काम गर्न सकिँदैन कि भन्ने चिन्ता पनि थियो। तर, साहस, लगनशीलता, आत्मविश्वास र अनुशासन भयो भने गाह्रो पर्दोरहेनछ। पहिलो महिनाको कमाइबाट उनले तालिम लिँदा लागेको ऋण तिरिन्। अब नियमित बचत गर्ने र कम्तीमा स्नातकसम्मको पढाइ पूरा गर्ने उनको इच्छा छ। सुर्खेतमा खुलेको ड्युटी गोरखा सेक्युरिटी एन्ड टेक्निकल सेन्टरले महिलालाई सुरक्षागार्ड बन्ने बाटो खोलिदिएको हो। यहाँबाट अहिलेसम्म ३० महिलाले सुरक्षागार्डको तालिम लिएका र तीमध्ये २५ जनाले स्थानीय उद्योग र संस्थामा काम पाइसकेका छन्। यहाँबाट सुरक्षागार्डको तालिम लिएका एक सय ५० पुरुषमा एकजनाले मात्रै जिल्लाभित्र काम पाएका छन्, अरू सबै कामको खोजीमा बाहिरिएका छन्। सेन्टरका अध्यक्ष नन्दबहादुर गुरुङ भन्छन्, 'काममा मेहनती र इमान्दार हुने भएकाले महिला सुरक्षागार्डको माग बढेको छ।' सरकारी कार्यालय र विद्यालयमा महिला सुरक्षागार्डको माग बढी छ।

■■■

*सञ्चारिका फिचर सेवा/सञ्चारिका समूह*

# महिलाको सिटमा पुरुष

**यातायात व्यवसायीले रुट अनुमति लिन र नवीकरण गर्नका लागि भए पनि आफ्नो सवारीसाधनमा महिला र अपाङ्गका लागि सिट आरक्षण दिएको देखाउने गरेका छन्। तर, व्यवहारमा यसको कुनै पालना भएको छैन।**

**✍ उषा नेपाल**

भक्तपुर/ भक्तपुर सल्लाघारीकी अञ्जना श्रेष्ठलाई सल्लाघारी-चाबहिल रुटको गाडीमा ओहोर-दोहोर गर्दाको सास्ती सम्झिन पनि मन लाग्दैन। २७ सिट भएको मिनीबसमा झन्डै दोब्बर यात्रुको खाँदाखाँद। सिटमा बसेर यात्रा गर्नु त कल्पना मात्र। उभिएरै यात्रा गर्दा पनि यात्रा गरुन्जेल मानसिक तनाव र सास्ती। कहिले गन्तव्य आउला र बसबाट झर्न पाउँला भनेर आतुर। बसको डन्डा समातेर उभियो, पछाडिबाट आफ्नै शरीरसँग टाँसिँदै ठेल्न आउनेहरू। कोही-कोही त भीडको फाइदा उठाएर काँधमै हात ल्याइपुर्‍याउँछन्। एकाधपटक त उनले प्रतिवाद नगरेकी पनि होइनन्, तर उल्टै आफैं लज्जित हुनुपरेको कहिल्यै बिर्सिन्नन्। वरिपरिका कसैले आफ्नो पक्षमा नबोलिदिएपछि उनले यात्राको सास्तीलाई सहनुको विकल्प थिएन।

यो अञ्जनाको एक्लो पीडा थिएन। सार्वजनिक यातायातमा महिलाका लागि भनेरै सिट छुट्याएपछि उनीजस्ता धेरै महिलाले यात्रा गर्दा हुने पीडाबाट मुक्ति पाउने अपेक्षा गरेका थिए। तर, व्यवहारमा यस्तो व्यवस्थाको कुनै अर्थ भएन। सिटको माथि महिला लेखिएको हुन्छ तर बसेका हुन्छन् पुरुष। गएको वर्षदेखि छुट्याइएका आरक्षण सिट महिलाका लागि उपहास र सार्वजनिक रूपमा खिसी खेप्नुपर्ने एउटा सास्तीको विषय बनेको छ।

**सार्वजनिक यातायातमा अहिले महिलाका लागि सिट छुट्याइएको सूचना पढ्न पाइन्छ। यसरी छुट्याएको सिटमा महिलाभन्दा पुरुष नै धेरै बसेका देखिन्छन्।**

सार्वजनिक यातायातमा अहिले महिलाका लागि सिट छुट्याइएको सूचना पढ्न पाइन्छ। लामो, छोटो र स्थानीय रुटमा चल्ने सबै सवारीसाधनले महिलाका लागि कम्तीमा एकचौथाइ सिट छुट्याएका छन्। तर, यसरी छुट्याएको सिटमा महिलाभन्दा पुरुष नै धेरै बसेका देखिन्छन्। बानेश्वरदेखि ठिमी जान यात्रा गरिरहेकी मीना न्यौपाने महिलालाई छुट्याएको सिट हेर्दै यात्रा गर्न बाध्य छिन्। उनले आफ्नो पीडा पोखिन्- एकपटक बसमा धेरै भीड थियो, उभिन गाह्रो भएपछि मैले महिला लेखेको सिटमा बसेका एकजना भलाद्मीलाई यो त महिलाको सिट हो भनें। उसले चर्कोखाले जवाफ फर्कायो। केको महिलाको सिट नि, अरू कुरामा चाहिँ पुरुषसरह हुनुपर्‍यो भनेर माग्ने अनि सुविधा लिनचाहिँ महिलालाई चाहियो भन्ने ?

मीना मात्रै होइन, हरेक बिहान डिल्लीबजार कन्या क्याम्पस पढ्न बौद्धबाट सार्वजनिक यातायात चढ्ने छिरिङ डोल्मा सार्वजनिक यातायातमा महिला भनेर लेखिएको त देखाउनेजस्तो मात्रै भएको गुनासो गर्छिन्। सार्वजनिक यातायातमा महिलाका लागि सिट छुट्याउनु कुनै नौलो विषय होइन। पहिलापहिला पनि यातायात समितिहरूले महिलाका लागि निश्चित सिट छुट्याएका हुन्थे। त्यो सबैमा एकैप्रकारको चाहिँ थिएन। तर, ०६२ मा सरकारले ल्याएको श्रम तथा रोजगार नीतिले महिलाका लागि २५ प्रतिशत सिट आरक्षणको व्यवस्था

गरेको थियो । गएको सालबाट यातायात व्यवस्था कार्यालयले सार्वजनिक सवारीसाधनको रुट इजाजत दिँदा वा नवीकरण गर्दा पनि महिलाका लागि २५ प्रतिशत र अपाङ्गका लागि पाँच प्रतिशत सिट आरक्षण गर्नुपर्ने मापदण्ड तय गरेको छ । त्यसैले यातायात व्यवसायीले रुट अनुमति लिन अनि नवीकरण गर्नकै लागि भए पनि आफ्नो सवारीसाधनमा महिला र अपाङ्गका लागि सिट आरक्षण दिएको देखाउने गरेका छन् ।

यातायात व्यवसायी राष्ट्रिय महासङ्घका केन्द्रीय सदस्य ऋषिकेश घिमिरे महिलाका लागि सिट छुट्याएर सरकारको परिपत्रअनुसारको निर्देशन पालना गरेको, तर छुट्याएको सिटमा महिला बसेको छ वा छैन भन्ने कुराको अनुगमन व्यवसायी आफैंले गर्न नसक्ने बताउँछन् । चालक वा सहचालकले महिला लेखिएको सिटमा बसेका पुरुषलाई उठ्नुस् भन्दा झगडा गर्न आउने गरेको भनाइ घिमिरेको छ । त्रिचन्द्र कलेजका एकजना छात्र भन्छन्, 'महिला पनि महिला लेखेको सिटमा मात्र नबसेर जहींतहीं बस्ने गर्छन् । त्यसैले यो कार्यान्वयन नभएको हो । उनीहरू महिलाकै सिटमा बस्नुपर्ने होइन र भन्ने प्रतिप्रश्न गर्छन् उनी । यी र यस्ता कारणले हुनसक्छ सार्वजनिक यातायातमा महिला सिट लेखिएको भनेर न त पुरुषले महिलाका लागि सिट छोड्छन् न त महिलाले नै पुरुषलाई सिट छाड्न आग्रह गर्न सक्छन् ।

यातायात व्यवसायी जस्तै यातायात व्यवस्था कार्यालयले पनि नवीकरण गर्न आएका गाडी वा रुट इजाजत लिन आएका गाडीमा महिला सिट लेख्ने काम गरेर एक वर्ष बिताएको छ । यातायात व्यवस्था कार्यालय बागमती अञ्चलका कार्यालयप्रमुख बुद्धवीर लामा कार्यालयको काम लेखिएको छ वा छैन भन्ने कुरा हेर्ने हो, गाडीमा लेखिएअनुसार कार्यान्वयन भएको छ वा छैन भन्ने कुराको अनुगमन गर्नेचाहिँ ट्राफिक कार्यालयको हो भनेर पन्छिन खोज्छन् ।

महिलालाई सार्वजनिक यातायातमा यात्रा गर्न सजिलो होस्, गर्भवती, बालबच्चा लिएर यात्रामा निस्कनेहरूलाई सहज होस् भनेर यो व्यवस्था गरिएको हो । तर, यस्तो आरक्षण सिटले पनि महिलाको कष्टकर यात्रालाई सहज बनाउन सकेको छैन ।

महिला अधिकारकर्मी र सङ्घसंस्थाहरू मात्रै होइन, राष्ट्रिय महिला आयोग पनि यस विषयमा मौन छ । आयोगकी सदस्य धनकुमारी सुनार सार्वजनिक यातायातमा महिला सिट आरक्षण कार्यान्वयनका विषयमा अहिलेसम्म कुनै काम नभएको स्विकार्छिन् । यस्ता भनाइहरूको निष्कर्ष के हो भने हामीकहाँ कुनै काम थालेको देखाइदिए पुग्छ, त्यसको कार्यान्वयनसँग सरोकारवाला, दबाब समूह कसैलाई पनि वास्ता हुन्न । महिला सिटको नारा र त्यसको कार्यान्वयनमा गरिएको उपेक्षा यसको देख्न सकिने उदाहरण हो ।

■■■

*सञ्चारिका फिचर सेवा / सञ्चारिका समूह*

# व्यापारमा जम्न थाले महिला

**अहिलेसम्म पुरुषहरू हावी रहेको व्यापार-व्यवसायमा अब महिला पनि अघि सर्न थालेका छन् । नेपालगन्जका कतिपय महिला उद्योगी-व्यापारीले केही लाखदेखि केही करोडको कारोबार चलाउन देखाएको साहस र उनीहरूको प्रगति त्यसको देख्न सकिने दृष्टान्त हुन् ।**

**रूपा गहतराज**

**बाँके**/ एकाबिहानै उठ्यो, खाना पकाएर खायो, अनि पसलतिर दौडियो । यसैगरी सुरु हुन्छ वृन्दा खरेलको दिनचर्या । नेपालगन्जको धम्बोझी चोकस्थित नारायणी पुस्तक पसलकी व्यस्त पुस्तक बिक्रेता हुन् खरेल । १० वर्षअघि पति जयन्द्रलालको मोटरसाइकल दुर्घटनामा मृत्यु भएपछि व्यापार सम्हालेकी हुन् वृन्दाले । उनका लागि यो पेसा आत्मविश्वास बढाउने माध्यम पनि बनेको छ । 'घरभन्दा बाहिरको संसारबाट टाढा थिएँ । व्यापार-व्यवसायबारे त्यति ज्ञान पनि थिएन, परेपछि गर्न सकिँदोरहेछ,' उनी भन्छिन्, 'एक वर्ष जति काम सिक्नै लाग्यो, गाह्रो पनि भयो तर कारोबारको अनुपात घटेन । एकछिन हात खाली हुन्न ।'

दुई छोरा र एक छोरीकी आमा वृन्दाको गुजारा र छोराछोरीको शिक्षादीक्षा यही व्यापारले राम्रैसँग चलेको छ । छोराछोरीलाई काठमाडौंमा पढाएकी छिन्, उनलाई खाना खाने फुर्सद पनि हुँदैन कहिलेकाहीँ । २० लाखको लगानी गरेको पुस्तकपसलको व्यापार धानेकी वृन्दा भन्छिन्, 'सुरुमा विश्वास जित्न गाह्रो थियो, अहिले महिलाको पुस्तकपसल भनेर सबैले चिन्छन् ।'

धम्बोझी चोकमै रहेको मोनालिसा इन्टरप्राइजेजकी अनिता शाहलाई पनि दिनभर भ्याइनभ्याई हुन्छ । बिहान ७ बजे पसल खोलेदेखि बेलुका बन्द नगर्दासम्म उनको व्यस्तता उस्तै हो । 'एकछिन फुर्सद हुन्न, व्यापार भन्ने चिजै यस्तो हुँदोरहेछ,' अनिता भन्छिन्, 'सजिलै व्यापार हुँदैन, यसका लागि साहस, आत्मविश्वास र समय पनि चाहिन्छ ।' पति विदेश गएपछि उनी व्यापारमा सक्रिय भएकी थिइन्, अहिले त ६ वर्ष पुगिसक्यो । सामान्य जनरल स्टोरबाट सुरु गरेको उनको व्यापार अहिले १६ वटा एजेन्सीमा फैलिएको छ । चाउचाउ, जुसजस्ता खाद्य तथा पेय पदार्थका डिलरलाई

उनले नै मालसामान आपूर्ति गर्छिन् । त्यसैले होला, एउटी मात्रै छोरीलाई पनि उनी पर्याप्त समय दिन सक्दिनन् ।

वृन्दा र अनिता मात्रै होइन, नेपालगन्जमा कारोबार धानेका हिम्मतिला महिलाको सङ्ख्या बढ्दै छ । पुष्पा गुप्ता नेपालगन्जकै ठूला हार्डवेयर पसलमध्ये एउटाकी सञ्चालिका हुन् । वीरेन्द्र चोकको पन्ना आइरन स्टोरमै उनको दिन बित्ने गर्दछ । १४ वर्षदेखि व्यवसाय धानिरहेकी पुष्पा भन्छिन्, 'एकछिन फुर्सद हुँदैन, कारोबार धान्नु र ग्राहकको विश्वास जित्नु सानोतिनो काम होइन रहेछ ।' सुरुमा व्यापार उनको रहर थियो, अहिले त पेसा र नसा दुवै भएको छ । 'सुरुसुरुमा अप्ठ्यारो भयो,' उनी भन्छिन्, 'गृहिणीबाट व्यापारी हुँदा अप्ठ्यारो त भइहाल्छ तर, एक-दुई वर्षपछि बानी पर्‍यो । हार्डवेयरको टेक्निकल कुरा पनि बुझेँ, अब त ढुक्कसँग व्यापार धान्न सक्छु ।'

पुरुषको भर नपरेरै पनि नेपालगन्जमा धेरै महिलाले एक्लै व्यापार धानेका छन् । मधेसी समुदायमा महिला भएर जन्मनु आफैंमा एउटा चुनौती हो, त्यसमाथि व्यापार अङ्गाल्नु त झनै बढी । त्यही चुनौती अङ्गालेकी छिन्- सत्यवती कुर्मीले । सुरुमा ग्रिल उद्योग खोल्दा धेरैजनाले कुरा काटे । तर, खाने मुखलाई जुँगाले कहाँ छेक्न सक्छ र ? आफू एक्लैको साहसले सञ्चालन गरेको सत्यवतीको ग्रिल उद्योग अहिले बुढेसकालमा एक मात्र जीवन सहारा बनेको छ । 'सुरुमा कसैले विश्वास गरेनन्, यस्तो गाह्रो काममा हात हाल्नुहुन्न थियो भने,' विगत सम्झँदै उनी भन्छिन्, 'सकारात्मक सोच र मेहनतले गरेको काम सफल हुन्छ, मैले त्यही गरेकी हुँ ।' नेपालगन्जमा पहिलोपटक प्रतिस्पर्धी ग्रिल उद्योग खोलेकी सत्यवती राजनीतिमा पनि उत्तिकै सक्रिय छिन् ।

**पुरुषको भर नपरेरै पनि नेपालगन्जमा धेरै महिलाले एक्लै व्यापार धानेका छन् । मधेसी समुदायमा महिला भएर जन्मनु आफैंमा एउटा चुनौती हो, त्यसमाथि व्यापार अङ्गाल्नु त झनै बढी ।**

जुमना राईको कथा झन् रोचक छ । किनभने, उनी त्यो उद्यमी महिला हुन् जो १०८ वर्षको उमेरमा पनि व्यवसायमै सक्रिय छिन् । हामीकहाँ सामान्यतया साठी वर्षको उमेर पार गरेपछि परिवारको संरक्षक भएर बस्ने चलन छ । उनीहरू अर्केको सहारामा बाँच्नुपर्ने हुन्छ । तर, त्यसलाई गलत सावित गरिदिएकी छिन् उनले । नेपालगन्ज-१५ की जुमनाले यो उमेरमा पनि दैनिक १२ घन्टा काम गरेर सबैलाई चकित पारिदिएकी छिन् । नातिले सञ्चालन गरेको सः (काठ) मिलको कारोबार वृद्धा राईले नै हेर्छिन् । बिहान ५ बजे उठेर नित्यकर्म सकिएपछि उनी सिधै सः मिल पुग्ने गर्छिन् । जुमना भन्छिन्, 'कारोबारमा अरूको विश्वास गर्न सकिन्न, आफैं नबसिहुँदैन ।' १०८ वर्ष उमेर पुगे पनि उनका दाँत झरेका छैनन् । आँखा पनि राम्रै देख्छिन् । मिलको रेखदेखसँगै दिनमा पाँचपटकसम्म उनी नवाज ( मुस्लिम प्रार्थनाको ग्रन्थ) पढ्छिन् । उनको कारोबार शैली देखेर ग्राहकमात्रै होइन, छरछिमेक पनि छक्क पर्छन् । आफ्नो सक्रियताबाट आफैं दङ्ग परेकी राई भन्छिन्, 'काम गर्न उमेर चाहिने हो र, त्यसै समय खेर फाल्नुभन्दा केही न केही गर्नु राम्रो नि ।'

व्यापार व्यवसायमा महिला र पुरुष भन्ने नहुने र आइपरेमा महिलाले पनि सजिलै व्यवसाय धान्न सक्ने ठहर छ, नेपालगन्ज उद्योग वाणिज्य सङ्घका महिला सदस्य रचना श्रेष्ठको । आफू स्वयम् व्यापारमा सक्रिय श्रेष्ठ अवसर पाए मानिसमा आत्मविश्वास स्वतः पैदा हुने बताउँछिन् । भन्छिन्, 'नेपालगन्जका महिलाले अहिले लाखदेखि करोडसम्मको कारोबार धान्नु त्यसकै प्रमाण हो ।' नेपालगन्ज उद्योग वाणिज्य सङ्घका उपाध्यक्ष कन्हैयालाल वैद्य व्यापार-व्यवसायमा महिलाको सङ्ख्या बढ्दै जानु आशलाग्दो सङ्केत भएको बताउँछन् । उनी भन्छन्, 'अब पहिलेजस्तो जमाना छैन, विवेकले काम गर्नुपर्छ, महिलाले त्यही गरेका छन् । सँगसँगै अध्ययनको खाँचो पनि पर्छ ।' सङ्घका अध्यक्ष दामोदर आचार्य धेरैजसो व्यापारिक फर्म पुरुषका नाममा दर्ता भए पनि तिनको व्यवसाय र कारोबार महिलाले नै धान्ने गरेको बताउँछन् । महिलाले धानेका व्यवसाय र व्यावसायिक कारोबार पुरुषको तुलनामा बढ्ता फस्टाएको अनुभवसमेत उनको छ । सङ्घका निवर्तमान अध्यक्ष सतीशचन्द्र अग्रवाल पुरुष र महिला भन्ने जमाना गइसकेको उल्लेख गर्दै भन्छन्, 'व्यवसाय विश्वासमा चल्छ, महिला बढी विश्वासिला हुने भएकाले व्यापारिक क्षेत्रमा उनीहरूको सहभागिता अझ बढ्न सक्छ ।'

■■■

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# लुकीचोरी टुसाको बिक्री : खेती नै किन नगर्ने ?

**मीठो तरकारी भनेर नाम कमाएको निगालोको मुना टुसाको अवैध कारोबार बढ्दो छ । विज्ञहरू नै भन्न थालेका छन् वनस्पति संरक्षणका नाममा स्थानीय बासिन्दालाई दुःख दिनुको साटो अब यसको व्यावसायिक खेती सुरु गर्नुपर्छ ।**

**दुर्गा भण्डारी**

पोखरा/ पृथ्वीचोकको फुटपाथमा तरकारी बेच्ने हरिमाया चिलुवालले बेच्न राखेको 'टुसा' समातियो । जफत

मात्रै गरिएन, उनलाई जरिवाना पनि भो । ऋण खोजेर खरिद गरेको १० हजार रुपैयाँ तिर्न नसकेर उनले टुसा बेच्ने काम नै छोडिन् ।

०६५ भदौमा उनलाई प्रतिबन्धित वनस्पति बिक्री गरेकोमा यस्तो कारबाही गरिएको थियो । आक्कलझुक्कल यस्तो कारबाही हुने गरे पनि पोखराको मुख्य बजारचोकमा टुसाको व्यापार खुलेआम हुने गर्छ । चलनचल्तीको शब्दमा 'टुसा' भनिने यो तरकारी निगालो पलाउने मुना हो । पोखरामा यो मीठो तरकारीका रूपमा चर्चित छ । सिजनको बेला पोखरा आउने तथा कतिपय स्थानीय बासिन्दाले कोसेलीका रूपमा विदेशसमेत पठाउने गर्छन् 'टुसा' ।

कानुनतः 'टुसा' सङ्कलन र निकासी गर्न पाइँदैन । यसैलाई आधार बनाएर अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) र सामुदायिक वनले बेलाबेलामा अवैध वनस्पतिको ओसारपसार र बिक्री गरेको भनेर समाउने गर्छन् । तर पनि मीठो तरकारी मानिने यसको व्यापार भने दिनहुँ बढ्दो छ । चिप्लेढुङ्गा, महेन्द्रपुल, पृथ्वीचोक, बगरजस्ता सहरी क्षेत्रमा मात्र होइन, कास्कीका गाउँगाउँमा पनि कारोबार हुन्छ यसको ।

स्थानीय सामुदायिक वनका पदाधिकारीले केही कडाइ गरेका कारण औपचारिक भाषामा यसको सङ्कलन र बिक्री लुकीचोरी रूपमा हुने गर्छ । तर, यो लुकीचोरी शैली अनौठो छ । सहरमा कहाँ पाइन्छ, कतिमा बिक्री हुन्छ सबैलाई थाहा हुन्छ । यतिसम्म कि वन, एक्याप, स्थानीय प्रशासन, सुरक्षा अधिकारीहरूमै 'टुसा' किन्न हारालुछ हुन्छ- पोखराको कोसेली पठाउन । टुसाको थोक बिक्री पनि हुन्छ पोखरामा । चिप्लेढुङ्गाबाट मात्रै एक दिनमा १० बोराभन्दा बढी टुसा बिक्री हुने गरेको पुरुनचौरका किसान तथा टुसाका थोक बिक्रेता गोपाल पौडेल बताउँछन् ।

टुसालाई जथाभावी भाँच्दा यो वनस्पतिको स्रोतमै असर पर्ने एक्यापका वरिष्ठ प्राकृतिक स्रोत तथा संरक्षण अधिकृत कीर्तिनाथ पौडेलले बताए । संरक्षण अधिकृत पौडेलका अनुसार टुसासँग आश्रित जीवहरूको जीवन सङ्कटमा पर्ने भएकोले निगालोको टुसा भाँच्न प्रतिबन्ध लगाइएको हो ।

हिमालको फेदी, लेक र खर्कमा हुने निगालोको पात रातोपाण्डा, मृगका पाँचवटा जात र हिमाली कालो भालुको मन पर्ने आहारा हो । निगालोको पात मात्र खाएर बाँच्ने यी जनावरको जीवन सङ्कटमा पर्ने विज्ञहरू बताउँछन् । साथै, निगालोको चोयाबाट बनाइने डोको, डालो, मान्द्रो र ढक्कीजस्ता स्थानीय उत्पादनका स्रोत नै बन्द हुने हुनाले पनि टुसालाई संरक्षण गरेर निगालोको रूपमै हुर्कन दिनुपर्ने हुन्छ ।

अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना एक्यापले गाउँलेको समूह बनाएर टुसाको लुकीचोरी बिक्री गर्नेलाई बेला-बेलामा पक्रिने र जरिवाना गर्ने गरेको छ । तर पनि कारोबार रोकिएको छैन ।

टुसा सङ्कलन आफैंमा सजिलो छैन । भाँच्ने काम सबभन्दा कठिन हुन्छ । बिहान तीन बजे उठेर जङ्गल पुग्नुपर्छ । 'तीन घन्टा हिँडेर, जङ्गलको बाटो, बाघभालुको डर अनि कहालीलाग्दो भीरबाट खसेर लड्ने खतरा पनि उत्तिकै छ,' पुरुनचौर लामडाँडाका किसान भीमसेन कुँवर भन्छन् । 'खेतीपाती गर्ने जग्गा नभएपछि परिवार पाल्नका लागि टुसा भाँच्नु आफ्नो बाध्यता भएको उनले बताए । दुईदेखि चार हजार मिटर उचाइको भीरमा हुने निगालोको टुसा भाँच्नु रहर होइन उनीहरूको । कुँवर भन्छन्, 'पैसाको राम्रो माध्यम हो, टुसा बजारमा पुऱ्याएपछि हारालुछ बिक्री भइहाल्छ अनि किन नपुऱ्याउनु त ?'

एकातिर ज्यानको जोखिम, अर्कोतर्फ मुस्किलले भाँचेको टुसा पनि सामुदायिक वन र एक्यापले समात्ने डर । यस्ता भय बोकेर काम गर्नुपर्छ । यति हुँदाहुँदै पनि बिहान ५/६ बजे नै पोखराको बजारमा टुसा ल्याइपुऱ्याउँछन् उनीहरू । एक्यापको संरक्षण क्षेत्रभित्र पर्ने खर्क च्याङलुङबाट मात्रै दैनिक रूपमा एकजनाले पाँच सयदेखि एक हजारसम्मको टुसा काट्ने गर्दछन् । कास्कीको लाचोक, घाचोक, घान्द्रुकलगायतका ठाउँबाट धेरै टुसा ल्याउने गरिन्छ ।

सार्दीखोला खाँदार्जुङका राजन गुरुङले परिवारको आवश्यकता पूरा गर्न टुसा काट्ने गरेको बताए । भदौ पहिलो साता मात्र उनको टुसा एक्यापका कर्मचारीले समातेर पाँच सय रुपैयाँ जरिवाना गराए । 'मेरैअगाडि वनपालेले नै १५ रुपैयाँ मुठा टुसा बेचिरहेको थियो, तर उसलाई जरिवाना लागेन,' उनले टुसा भाँच्दाको दुःख सम्झँदै भने, 'बोल्न सक्नेको कहिल्यै समातिँदैन ।'

जेठदेखि असोजसम्म यसको मौसम मानिन्छ । जङ्गलमा हुर्किएर बजारमा बिक्री हुने यो वनस्पतिलाई खेतीका रूपमा विकास गरिनुपर्ने देखिन्छ । तर, व्यावसायिक खेती गर्नतर्फ अहिलेसम्म पनि कुनै निकायको ध्यान जान सकेको छैन । नेपालका खेर गइरहेका लेक र खर्कहरूमा निगालोको व्यावसायिक खेती गरियो भने आम्दानीको राम्रो माध्यम बन्न सक्छ । यसको खेतीले रोजगारी मात्र होइन कृषिको नयाँ उत्पादनको रूपमा पनि बजार पाउनेछ

सार्दीखोला खाँदार्जुङस्थित बाराही प्राविका शिक्षक राम आचार्यले भने, 'बेरोजगारी र महङ्गी बढिरहेको बेलामा किसानलाई निगालोको खेतीमा आकर्षण गर्ने हो भने गरिब किसानको आर्थिक स्तर माथि उठ्ने थियो ।' एक्यापका संरक्षण अधिकृत पौडेल भन्छन्, 'निगालोको खेती गर्न अप्ठ्यारो पनि छैन । एकपटक लगाएपछि ५/६ वर्षसम्म केही पनि गर्नुपर्दैन, वर्षेपिच्छे टुसा झिक्ने काम गरे मात्र पुग्छ ।'

■■■

*सञ्चारिका फिचर सेवा/सञ्चारिका समूह*

प्रकाशक
सञ्चारिका समूह/नेपाल
पो.ब.नं. १३२९३
टेलिफोन : ५५३८५४९/५५४६७१५
फ्याक्स : ५०००१८१
इ-मेलः sancharika@wlink.com.np
वेभसाइट : **www. sancharika.org**

सम्पादक
**निर्मला शर्मा**
इ-मेलः nirmalaji@mos.com.np
nirmalajee@gmail.com

सञ्चारिका समूह २०५२ सालमा स्थापना भएको पत्रकार महिलाहरूको संस्था हो । सञ्चार माध्यममा कम प्राथमिकतामा परेका महिला तथा बालबालिका, मानवअधिकार, सुशासन, शिक्षा, द्वन्द्वलगायतका सामाजिक विषयसम्बन्धी फिचर तथा लेखहरूको अभावलाई यस लेखमालाले केही हदसम्म पूर्ति गर्ने अपेक्षा गरेका छौं । यसैगरी हाम्रो लेखमालामार्फत 'फिचर लेखन' मा पत्रकार महिलाहरूको गुणात्मक तथा संख्यात्मक वृद्धि गर्ने हाम्रो उद्देश्यमा तपाईंहरूको पूर्ण सहयोगको अपेक्षा गरेका छौं । यसमा प्रकाशित लेखलाई छाप्दा "साभार : सञ्चारिका लेखमाला/सञ्चारिका समूह" उल्लेख गरिदिनुहुन अनुरोध गर्दछौं । र, प्रकाशित सामाग्रीको एकप्रति समूहमा पठाइदिन पनि अनुरोध गर्दछौं ।

सञ्चारिका समूह